# प्रेस विज्ञप्ति- ३६५

# Press Release- 365

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८१।११।१२ गते।

## ठुलो परिमाणमा नियन्त्रित मनोद्दिपक पदार्थ ट्रामाडोल क्याप्सुल ५,६४,१०० सहित २ जना मानिस पक्राउ।

लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले औषधी जन्य मनोद्दिपक पदार्थ विरुद्द संचालन गरिएको विशेष प्रहरी कारवारहीको क्रममा ठुलो परिमाण ट्रामाडोल (TRAMADOL HCL) सहित नियन्त्रित मनोद्दिपक पदार्थको कारोवारमा संलग्न गिरोह पक्राउ।

१) मिति २०८१।११।०८ गते जिल्ला काठमाण्डौ का.म.न.पा. १४ बाट जिल्ला ललितपुर माहाङकाल न.पा. ४ बस्ने बर्ष ३३ को सुधिर लामिछानेलाई **नियन्त्रित मनोद्दिपक पदार्थ ट्रामाडोल ३०,००० क्याप्सुल** सहित पक्राउ गरिएको छ।

२) मिति २०८१।११।०९ गते जिल्ला पर्सा, महुवन गा.पा. वडा नं.६ स्थायी वतन भएको बर्ष ३८ को साईमन बनवारीलाई काठमाण्डौ जिल्ला का.म.न.पा. ४ टोखाबाट काठमाण्डौ उपत्यकालाई केन्द्र बनाई बिक्री वितरण गर्न राखेको गोदामबाट **ठुलो परिमाणको नियन्त्रित मनोद्दिपक पदार्थ ट्रामाडोल ५,३४,१०० क्याप्सुल** सहित मानिसहरु पक्राउ गरी थप अनुसन्धान भई रहेको।

साथै निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतवाट नियन्त्रित मनोद्दिपक लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भई रहेको छ।




**प्रवक्ता / सूचना अधिकारी**
(नारायण प्रसाद अधिकारी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर ९८५११३२७४३


